नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम
कार्यक्रम कार्यान्वयन एकाइ, रुकुम पूर्वी भाग
कार्यक्षेत्र: (रुकुम पूर्वी भाग र रोल्पा)

☎: ०८८-४१३११४
pmamp.piu.rukumeast@gmail.com

प.सं. :२०८२/०८३
च.न.:
सूचना नं. २

सूचना प्रकाशित मिति:२०८२।०५।१२

## कृषि तथा पशुपन्छी उद्यमशिलता विकास कार्यक्रम संचालनका लागि प्रस्ताव आव्हान सम्बन्धी सूचना

राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम, कार्यक्रम कार्यान्वयन एकाइ रुकुम पूर्वको चालु आ.व.०८२।८३ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपसिल बमोजिमको कृषि तथा पशुपन्छी उद्यमशिलता विकास कार्यक्रम संचालन गर्नुपर्ने भएकोले कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट स्वीकृत कृषि तथा पशुपन्छी उद्यमशिलता विकास कार्यक्रम संचालन कार्यविधि, २०८२ बमोजिम योग्यता पुगेका इच्छुक कृषि उद्यमी/युवा/फर्महरुले तपसिलमा उल्लेखित आवश्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितिले २१ औं दिन भित्र अर्थात् मिति २०८२ अशोज १ गते भित्र वा उक्त दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्ट यस कार्यालयमा अनुसूची-२ अनुसारको ढाँचामा आवेदन तथा अनुसुचि-३ अनुसारको ढांचामा कार्यक्रम संचालन सम्बन्धी प्रस्ताव दर्ता गर्नुहुन सम्बन्धित सबैमा जानकारी गराइन्छ।

तपसिल

| संचालन हुने कार्यक्रमको नाम | लक्षित लाभग्राही | कार्यक्रमको संचालन हुने क्षेत्र | कार्यक्रम संचालन गर्न सकिने बाली/वस्तु कियाकलापहरु | अनुदान रकम तथा भुक्तानी प्रक्रिया |
|---|---|---|---|---|
| कृषि तथा पशुपन्छी उद्यमशिलता विकास कार्यक्रम उद्यमशिलता कार्यक्रमको लागि अनुदान कार्यक्रम) | कृषि उद्यमि वा १६ देखि ४० वर्ष उमेर समूहभित्रका युवा कृषक | रुकुम पूर्व र रोल्पा जिल्ला भरी | कृषि तथा पशुपन्छी उद्यमशिलता विकास कार्यक्रम संचालन कार्यविधि, २०८२ को दफा ४ मा उल्लेख भए बमोजिम | प्रस्तावको कुल लागतको बढिमा पचास प्रतिशत वा चार लाख रुपैयाँ मध्ये जुन कम हुन्छ सोही रकम अनुदान स्वरुप बैंक खातामा भुक्तानी गरिने |

**कार्यक्रम संचालन गर्न सकिने प्राथमिक प्राप्त बाली /वस्तु तथा कियाकलापहरु**

(क) तरकारीको व्यवसायिक उत्पादन, प्रशोधन तथा बजारीकरण ।
(ख) तरकारीको बीउ-बेर्ना उत्पादन, प्रशोधन तथा भण्डारण ।
(ग) दुग्धजन्य वस्तुको प्रशोधन तथा विविधिकरण, छुर्पी उत्पादन, भण्डारण तथा निर्यात।
(घ) च्याउ बीउ उत्पादन, च्याउ प्रशोधन, भण्डारण र बजारीकरण ।
(ङ) मासुजन्य पदार्थको भण्डारण,प्रशोधन र बजारीकरण ।
(च) अदुवा, बेसार लगायतका मसलाबालीको प्रशोधन तथा बजारीकरण ।
(छ) मौरीपालन व्यवसाय र मह प्रशोधन ।
(ज) जौ, फापर, सिलाम, कोदो उत्पादन, प्रशोधन तथा बजारीकरण ।
(झ) प्राङ्गारिक, गड्यौली मल वा जैविक मल उत्पादन तथा बजारीकरण ।
(ञ) बागबानी नर्सरी स्थापना तथा विकास, पुष्प व्यवसाय, टिस्यु-कल्चर प्रविधिबाट बीउ र विरुवा उत्पादन गर्ने व्यवसाय ।
(ट) फलफुल प्रशोधन र बजारीकरण ।
(ठ) खाद्यान्नको बीउ उत्पादन ।
(ड) ग्रीन हाउसभित्र उत्पादन गरिने बालीहरुको उत्पादन प्रशोधन र भण्डारण ।
(ढ) साना तथा मझौला खालका कोल्ड च्याम्बर स्थापना तथा सञ्चालन ।
(ण) घाँसबाट हे (Hay),साईलेज (Silage) तथा हेलेज (Haylage) उत्पादन व्यवसाय ।
(त) प्राङगारिक कृषि वस्तु निर्यात ।
(थ) व्यवसायिक पशुपन्छी तथा मत्स्य पालन उत्पादन र प्रशोधन ।

२०८२।५।१२
मिन बहादुर के. सी.
कार्यालय प्रमुख

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
**राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम**
कार्यक्रम कार्यान्वयन एकाइ, रुकुम पूर्वी भाग
कार्यक्षेत्रः (रुकुम पूर्वी भाग र रोल्पा)

☎: ०८८-४१३११४
pmamp.piu.rukumeast@gmail.com

प.सं. :२०८२/०८३
च.न.:

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम
कार्यक्रम कार्यान्वयन एकाइ
रुकुम (पूर्वी भाग)

निवेदन साथ संलग्न कागजातहरु

१. अनुसूची-२अनुसारको ढाँचामा आवेदन तथा अनुसूची-३ अनुसार कार्यक्रम संचालन सम्बन्धी निर्दिष्ट ढाँचा बमोजिमको प्रस्ताव।
२. निवेदकको व्यक्तिगत तथा तिनपुस्ते विवरण खुल्ने कागजातहरु (नागरिकताको प्रतिलिपि)।
३. कार्यक्रम संचालनका लागि आवश्यक जग्गा सम्बन्धी कागजातको प्रतिलिपि (जग्गाधनी प्रमाणपत्रको प्रतिलिपि वा भाडामा जग्गा लिएको भएमा जग्गाधनीसंग कम्तीमा ५ वर्ष र प्रशोधन तथा भण्डारणसंग सम्बन्धित संरचना निर्माण तर्फ कम्तीमा १० वर्षका लागि गरिएको सम्झौतापत्रको प्रतिलिपि)।
४. उद्यम वा व्यवसाय दर्ता भएको भएमा सम्बन्धित कार्यालयमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि, गत आ.व.सम्म कर चुक्ता गरेको विवरणको प्रमाणित प्रतिलिपि, कारोवार सम्बन्धी अन्य कागजातहरु।
५. स्थायी लेखा नं. प्रमाण पत्रको प्रतिलिपि।
६. सहकारी संस्थाको सदस्य भएमा सम्बन्धित सहकारी संस्थाको सिफारिश पत्र।
७. निवेदकको नागरिकता वा नेपाल सरकारबाट जारी गरिएको फोटोसहितको परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपि ।
८. सम्बन्धित स्थानीय तह कृषि/पशुसेवा शाखा वा वडा कार्यालयको सिफारिस पत्र ।

**प्रस्ताव पेश गर्ने कार्यालयहरु र विस्तृत जानकारीको लागि सम्पर्कः-**

कार्यक्रम कार्यान्वयन एकाइ रुकुम पूर्व सम्पर्क नम्बरः-०८८४१३११४, ९७४६९३०९१७ सूचना अधिकारी विनोद शाही ना.प्रा.स.
जोन प्राविधिक एकाइ, लिबाङ रोल्पा- सम्पर्क नम्बर -०८६४४०१८८, ९८५७८२६१८८ नविन भण्डारी कृषि अधिकृत

२०८२।४।१२

मिन बहादुर के. सी.
कार्यालय प्रमुख